# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ३४३२

टोखा नगरपालिका कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

## बिज्ञप्ति

मिति २०७५/११/३०

आदरणीय टोखा नगरबासी दिदि, बहिनी, दाजुभाई, आमाबुबा तथा यस नगरपालिकाका शुभचिन्तक, बुद्धिजिवी तथा समाजसेवी महानुभावहरु प्रति सिंगो टोखा नगरपालिका यहाँहरुले पुर्याउँदै आउनु भएको सहयोग, साथ र सद्भावको लागि हार्दिक आभार ब्यक्त गर्दछु । मिति २०७५/११/२३ गतेका दिन हाम्रो नगरपालिका प्रति नयाँ पत्रिकामा राष्ट्रिय दैनिकमा "टोखा नगरपालिकामा अनियमितता" भनि प्रकाशित समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भई त्यस प्रति नगरबासी, महानुभावहरु तथा सर्वसाधारणको लागी यथार्थ सत्य तथ्य सूचना प्रवाह गर्नु हाम्रो कर्तब्य ठानी यो बिज्ञप्ति जारी गरेका छौं ।

१ मिति २०७५/०३/३१ मा एकैदिन ६ वटा बैठक राखेको भन्ने सम्बन्धमा सो कुरा सत्य नभई नगरसभा तयारी पूर्व बिभिन्न बिषयगत समितिको बैठकहरु बिभिन्न मितिमा बसेको र सोको भुक्तानी असार ३१ गते दिइनुको साथै उप समिति र कार्यपालिकाको एकैदिन ६ वटा बैठक नबसेको कुरा अवगत गर्दछौं । साथै माइन्युटिङ्ग र खर्चको बिल भर्पाई नभएको भन्ने भनाई असत्य रहेको कुरा अवगत गर्दछौं ।

२ मिति २०७५/०३/०३ मा एकै दिन १४ वटा बैठक बसेको भन्ने भनाई सत्यता नभई नगरपालिका अन्तर्गतका ११ वटै वडाका बैठकहरु र नगरपालिकाको बिभिन्न समिति, उपसमितिको बैठक बसेको र सोको खर्चको बिवरण एकमुष्ट असार ३ गते भुक्तानी दिईएको ब्यहोरा अवगत गर्दछौं ।

३ लक्ष्य बमोजिम आन्तरिक राजश्व संकलन नभएको भन्ने सन्दर्भमा नगरसभाबाट अनुमान गरिए बमोजिम १६ करोड ४९ लाखको करिव ८३.०८% अर्थात १३ करोड ७० लाख संकलन भएको छ । लक्ष्य बमोजिमको राजश्व असुली तर्फ नगरपालिका प्रयासरत रहेको ब्यहोरा जानकारी गराउँदछौं ।

४ नगरपालिकाले उठाउने घरबहाल कर तथा राजश्व असुली नगरेको भन्ने सम्बन्धमा सम्पूर्ण वडाहरुलाई कर असुली संकलन सम्बन्धमा प्रयाप्त अधिकार भएकोमा ठुला अस्पताल तथा हाउजिङ्गहरु मध्ये केहिले कर तिरेको र हालसम्म नतिर्नेलाई ताकेता गरिएको जानकारी गराउँदछौं ।

५ पारिश्रमिक तथा भत्ताको खर्च बिवरण तपसिल बमोजिम रहेको छ ।

बच्चुराज बस्याल
प्रवक्ता

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
[illegible], काठमाडौं
२०७३

## टोखा नगरपालिका आ.व. २०७४/०७५ मा खर्च भएको पदाधिकारी पारिश्रमिक र पदाधिकारी र कर्मचारी बैठक भत्ताको बिवरण

| क्र.सं | बिवरण | | रकम |
|---|---|---|---|
| १ | पदाधिकारी पारिश्रमिक | | ८०,८१,५३९/- |
| २ | वडागत बैठक भत्ता | | १४,६९,०००/- |
| | वडा नं | भत्ता रकम | |
| | १ | १३८००० | |
| | २ | १४४००० | |
| | ३ | १४४००० | |
| | ४ | १३२००० | |
| | ५ | ६०००० | |
| | ६ | १४४००० | |
| | ७ | १४४००० | |
| | ८ | १४४००० | |
| | ९ | १३४००० | |
| | १० | १४४००० | |
| | ११ | १४१००० | |
| ३ | कार्यपालिका बैठक | | ८,३६,०००/- |
| ४ | नगरसभा | | ५,२०,७५०/- |
| ५ | कानून मस्यौदा | | ७,१०,२५०/- |
| ६ | बिभिन्न बिषयगत समिति र उपसमिति | | २,४४,५२५/- |
| | कूल जम्मा | | १,१८,६२,०६४/- |